# मैवाखोला गाउँपालिकाको फलफूल तथा तरकारी बालीको स्थलगत रुपमा सम्भाव्यता अध्ययन प्रतिवेदन




## मैवाखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

सौँघु, ताप्लेजुङ्ग, कोशी प्रदेश, नेपाल

जेष्ठ, २०८२

# हार्दिक कृतज्ञता

**"मैवाखोला गाउँपालिकाको फलफूल तथा तरकारी बालीको स्थलगतरुपमा सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गर्ने"** विषयमा अध्ययन तथा प्रतिवेदन तयार गर्न नेपाल फार्मर्स एडभाईजरी काउन्सिल प्रा.लि. काठमाण्डौलाई अवसर प्रदान गरी दिनु भएकोमा मैवाखोला गाउँपालिका प्रति हार्दिक आभार प्रकट गर्दछौं। फलफूल तथा तरकारी बालीको स्थलगत रुपमा सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गर्न शुरुदेखि अन्तिम प्रतिवेदन तयार गर्दा सम्म विभिन्न मितिमा छलफल, विचार विमर्श गर्ने अवसर र महत्वपूर्ण सुझाव दिनु हुने गाउँपालिकाका अध्यक्षज्यू, उपाध्यक्षज्यू, गाउँ कार्यपालिका सदस्यज्यूहरु, वडा अध्यक्षज्यूहरु, प्रमुख प्रशासकिय अधिकृतज्यू, कृषि तथा पशुपन्छी शाखाका प्रमुखज्यूहरु, लगायत सम्पूर्णमा हार्दिक धन्यवाद तथा कृतज्ञता जाहेर गर्दछौं।

यस अध्ययन प्रतिवेदन तयार गर्ने सन्दर्भमा टोली नेताको रुपमा काम गर्ने श्री सञ्जय धिमाल, विषय विज्ञको रुपमा सहयोग गर्नु हुने श्री चन्द्रमान श्रेष्ठ, श्री प्रिती थापा, श्री स्वस्तिका न्यौपाने लगायत सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छौं। त्यस्तै, त्यस गाउँपालिकाका अध्यक्षज्यू, उपाध्यक्षज्यू, कर्मचारी, कृषक, कृषि विज्ञ लगायत सम्पूर्ण महानुभावहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छौं। प्रतिवेदनको महत्वपूर्ण अंश तथ्याङ्क सकंलन, विश्लेषण एवं तयारी गर्न सहयोग गर्नुहुने विषय विशेषज्ञ श्री सञ्जय धिमाल, श्री चन्द्रमान श्रेष्ठ, श्री प्रिती थापा, श्री स्वस्तिका न्यौपाने लगायत नेपाल फार्मर्स एडभाईजरी काउन्सिल प्रा. लि. काठमाण्डौका सम्पूर्ण टिमलाई पनि हार्दिक धन्यवाद प्रदान गर्दछौं।

अध्ययनको क्रममा गाउँपालिकामा पुग्दा न्यानो आतिथ्यता प्रदान गर्नु हुने सबै महानुभावहरु प्रति आभारी छौं। सम्बन्धित विषयमा रुचि राख्ने र अध्ययन गर्न चाहने सबैलाई यो प्रतिवेदन सहयोगी हुने आशा गरेका छौं।

अन्तमा, यस प्रतिवेदनमा उल्लेख गरिएका सिमित बुँदाहरुले मात्र पनि यस गाउँपालिकाको कृषि क्षेत्रको समस्या समाधान गर्न सार्थक हुने विश्वास लिएका छौं।

जेष्ठ, २०८२

(डा. योगेन्द्र कुमार कार्की)
अध्यक्ष
नेपाल फार्मर्स एडभाईजरी काउन्सिल प्रा.लि. काठमाण्डौ

# विषय सूची


**१. पृष्ठभूमि ........ १**

**२. अध्ययनको औचित्य ........ २**

**३. अध्ययनको उद्देश्य ........ ३**

३.१. मुख्य उद्देश्य ........ ३

३.२. विशिष्ट उद्देश्यहरू ........ ३

**४. अध्ययनको क्षेत्र ........ ३**

**५. अध्ययन विधि ........ ४**

५.१ डेस्क रिभ्यू (SECONDARY DATA AND INFORMATION COLLECTION, REVIEW) ........ ४

५.२ प्रारम्भिक सूचना सङ्कलन (PRIMARY DATA AND INFORMATION COLLECTION) ........ ४

५.३ दोश्रो चरणमा सूचना सङ्कलन (SECONDARY INFORMATION COLLECTION) ........ ५

५.४ प्रारम्भिक प्रस्तुतिकरण, छलफल तथा अन्तरक्रिया कार्यक्रम ........ ५

५.५ स्थलगत अनुगमन तथा अवलोकन (FIELD MONITORING AND OBSERVATION) ........ ५

५.६ वडागत तथा समूहगत छलफल (FOCAL GROUP DISCUSSION) ........ ५

५.७ सबल तथा कमजोर पक्ष, अवसर र जोखिमहरुको विश्लेषण (SWOT ANALYSIS) ........ ६

५.८ प्रारम्भिक प्रतिवेदन (INCEPTION REPORT) ........ ६

५.९ तथ्याङ्क विश्लेषण ........ ६

५.१० मस्यौदा प्रतिवेदन (DRAFT REPORT) ........ ६

५.११ अन्तिम प्रतिवेदन प्रमाणीकरण तथा पेश (FINAL REPORT VALIDATION AND SUBMISSION) ........ ७

**६. अपेक्षित प्रतिफलहरु ........ ७**

**७. मैवाखोला गाउँपालिकाको परिचय ........ ७**

७.१. मैवाखोला गाउँपालिकाको जनसंख्या तथा घरधुरी ........ ८

७.२ जिल्ला, गाउँपालिका तथा वडाहरुको नक्सा ........ ९

७.२ (क) मैवाखोला गाउँपालिका वडा नम्बर-१ (बरङ्याङ्ग, तिलाबुङ्ग) ........ १०

७.२ (ख) मैवाखोला गाउँपालिका वडा नम्बर-२ (लेकुवा) ........ ११

७.२ (ग) मैवाखोला गाउँपालिका वडा नम्बर-३ (साँघु) ........ १२

७.२ (घ) मैवाखोला गाउँपालिका वडा नम्बर-४ (ताम्राङ्ग) ........ १३

७.२ (ङ) मैवाखोला गाउँपालिका वडा नम्बर-५ (देवलढुङ्गा) ........ १४

७.२ (च) मैवाखोला गाउँपालिका वडा नम्बर-६ (फाकुम्बा) ........ १५

**८. हावापानी ........ १६**

**९. जलश्रोत/नदीनाला ........ १७**

**१०. माटो ........ १७**

**११. कृषि प्रणाली ........ १७**

**१२. कृषि उत्पादन र बजारीकरण ........ १७**

१२.१ हिउँदे तरकारी बाली ........ १७

१२.२ वर्षे तरकारी बाली ........ १८

१२.३ फलफूल बाली ........ १८
१२.४ नगदे बाली ........ १८
**१३. कृषि क्षेत्रमा देखिएका प्रमुख चुनौतीहरु ........ १९**
**१४. कृषि क्षेत्रमा देखिएका अवसरहरु ........ १९**
**१५. सबल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसरहरू तथा चुनौतिहरू (SWOT )विश्लेषण ........ २०**
**१६. फलफूल तथा तरकारी बालीको प्रवर्द्धनका लागि प्राथमिकता क्षेत्र ........ २१**
**१७. वडा अनुसार पहिचान भएका सम्भाव्य फलफूल तथा तरकारी बालीहरु र उत्पादन क्षेत्र ........ २२**
**१८. संचालन गर्नुपर्ने कार्यक्रमहरु ........ २५**
**१९. सम्भाव्यता अध्ययनको आधारमा ३ वर्षे कार्य-योजना ........ २६**
**२०. निष्कर्ष ........ ३१**
**२१. सुझावहरु ........ ३४**
**२२ सन्दर्भ सूची ........ ३७**
**अनुसूची ........ ४०**
अनुसूची-१ः छलफल तथा अन्तरक्रिया कार्यक्रममा सहभागीहरुको नामावली ........ ४०
अनुसूची-२ः सरोकारवालाहरुसँगको समूहगत छलफल ........ ४४
अनुसूची-३ः स्थलगत अध्ययन भ्रमणका तस्वीरहरु ........ ४७
अनुसूची-४ः विभिन्न फलफूल बालीका खेती प्रविधि तालिका ........ ४९
अनुसूची-५ः विभिन्न तरकारी तथा मसलाबाली बालीका खेती प्रविधि तालिका ........ ५३
अनुसूची-६ः फलफूल तथा तरकारी खेती वार्षिक कार्य-तालिका ........ ६१
अनुसूची-७ः प्रमुख फलफूल बालीका जात, सिफारिश क्षेत्र तथा बिरुवा पाइने श्रोतकेन्द्रहरु ........ ६४
अनुसूची-८ः प्रमुख तरकारी बालीका जात तथा बीउ/बेर्ना उपलब्ध हुने श्रोतकेन्द्रहरु ........ ६९
अनुसूची-९ः वर्षे/हिउँदे/सुन्तलाजात फलफूल उन्नत खेती प्रविधि तालिम पाठ्यक्रम ........ ७३
अनुसूची-१०ः वर्षे/हिउँदे तरकारी उन्नत खेती प्रविधि तालिम पाठ्यक्रम ........ ७६

## १. पृष्ठभूमि

कृषि क्षेत्रका पुरानो प्रशासकिय संरचना विघटन गरी स्थानिय स्तरमा कृषि लगायत अन्य विकासका नीति तथा कार्यक्रमहरु निर्माण र संचालन गर्न सक्ने स्थानिय तहको निमाण भैसकेको छ। हालसम्मको केन्द्रिकृत नीति तथा कार्यक्रमहरुले स्थानिय स्तरमा अपेक्षित नतिजा दिन नसकेको अवस्थामा अब यो सबै जिम्मेवारी स्थानिय तहमा आएको छ। स्थानिय तहको बदलिँदो अपेक्षा अनुसार कृषि क्षेत्र खासगरी फलफूल तथा तरकारी उप-क्षेत्रको विकासको नयाँ प्रस्थान बिन्दु तय गर्न आवश्यक भएको हुँदा गाउँपालिका भित्र रहेको श्रोत तथा सम्भावनाहरुको पहिचान गरी वडा तथा टोल-टोलसम्म भौगोलिक अवस्था, हावापानी अनुरुपको फलफूल तथा तरकारीबालीहरुको प्रवर्द्धन र यी बालीहरुमा कृषकहरुले भोग्दै आएका समस्याहरु समाधान गर्नका लागी एउटा दस्तावेजको रुपमा मैवाखोला गाउँपालिकामा फलफूल तथा तरकारी बालीहरुको स्थलगत रुपमा नै सम्भाव्यता अध्ययन गरी प्रतिवेदन तयार गरिएको हो।

खाद्य सुरक्षा, पोषण सुधार र सामाजिक आर्थिक मूल्यका कारण तरकारी र फलफूल बालीहरू महत्त्वपूर्ण छन्। त्यसैले कृषि नीति, खाद्य सुरक्षा र किसानहरुको सहयोगका लागि तरकारी र फलफूल बाली उत्पादन क्षेत्रहरूको स्थान, सीमाको नक्साङ्कन र उक्त स्थानमा बालीको अनुकूलन महत्त्वपूर्ण हुन्छ। यसले व्यापक श्रोत साधन प्रयोग गरेर फलफूल र तरकारी उत्पादनको लागि उत्तम सम्भावित जमिनको प्रयोग सुनिश्चित गरेर फलफूल र तरकारी क्षेत्रको वृद्धिमा पनि महत्त्वपूर्ण भूमिका खेल्छ। यसका साथै, उत्पादित फलफूल र तरकारी बाली लक्षित बजारसम्म पुग्ने सुनिश्चित गर्न, फलफूल र तरकारी उत्पादनका पक्षहरुको आर्थिक व्यवहार बढाउन प्रभावकारी बजारीकरण रणनीतिहरू महत्त्वपूर्ण हुन्छन्। ताप्लेजुङ्गको मैवाखोला गाउँपालिका आफ्नो पालिका क्षेत्रमा फलफूल र तरकारी बाली प्रवर्द्धन गर्न समर्पित स्थानीय स्तरको सरकार हो र यी बालीहरूको प्रवर्द्धनका लागि स्थानीय संस्थाको रूपमा काम गरिरहेकोछ। यस सन्दर्भमा, मैवाखोला गाउँपालिकाले चालू आर्थिक वर्ष २०८१/८२ मा फलफूल तथा तरकारी बाली अनुकूलनका लागि स्थलगत रुपमा सम्भाव्यता अध्ययन गर्ने कार्यक्रम राखेको हो। यस अध्ययनबाट तरकारी तथा फलफूल उत्पादनका लागि भौगोलिक, प्राविधिक र आर्थिक रूपमा सम्भाव्य स्थानीय स्तरहरू पहिचान गरी अध्ययनको नतिजा अनुसार कार्यक्रम र रणनीतिहरू विकास गर्न सकिन्छ। यो अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा प्राथमिक सूचना सङ्कलन, दोश्रो चरणमा सूचना सङ्कलन, सम्भाव्यता अध्ययन र प्राप्त सूचनाहरुलाई विश्लेषण गरी अध्ययन प्रतिवेदन तयार गरिएको हो।

सिमित श्रोत र साधनबाट कृषिक्षेत्रका सबै समस्याहरु एकै पटक समाधान गर्न सकिदैन। अतः प्राथमिकताको आधारमा सबै सरोकारवालाहरुको संलग्नता तथा राय सुझावबाट यो अध्ययन

प्रतिवेदन तयार गरिएको हो। यो प्रतिवेदनले अपेक्षित उपलब्धी तय गरेको छ र ति उपलब्धीहरु प्राप्त गर्न जोड दिईनेछ। प्रतिवेदनमा तय गरिएका उपलब्धि/प्रतिफलहरुले गाउँपालिकाको उद्देश्यलाई प्रत्यक्षरुपमा प्रभाव पार्ने छ। प्रतिवेदनमा के कुरामा जोड दिने र कार्यक्रम कस्तो हुने भन्ने कुरा उल्लेख भएको छ। अध्ययनलाई बढि व्यावहारिक बनाउन कुन-कुन कार्यक्रमहरुले कुन-कुन उपलब्धिहरु हासिल गर्न सकिन्छ भन्ने कुरा उल्लेख गरिएको छ। अध्ययन प्रतिवेदन तयार गर्दा उपलब्ध श्रोत साधन तथा बढ्दो मागलाई ध्यान दिईएको छ।

यो अध्ययन मुख्यतया स्थानिय रूपमा पत्ता लगाउन विभिन्न अध्ययन विधिहरु प्रयोग गरेर तरकारी र फलफूल बालीहरूको उत्पादनको विविध तथ्याङ्कको एकिकरणमा केन्द्रित रहेकोछ। यसका साथै, अध्ययनले प्रथम र दोश्रो चरणको जानकारीको आधारमा मैवाखोला गाउँपालिकामा छानिएका तरकारी र फलफूलका उत्पादन पकेटका उपयुक्त क्षेत्रहरूको पनि पहिचान गरेकोछ। पहिचान भएका प्राथमिकताहरुको ठीक समयमा सहि तरिकाले कार्यान्वयन भएमा अपेक्षित उपलब्धि सहज रुपमा हासिल गर्न सकिनेछ।

## २. अध्ययनको औचित्य

कृषि बाली अनुकूलता विश्लेषण भनेको हावापानी, माटोको प्रकार, पानीको उपलब्धता, भू-बनोट, भू-उपयोग, जमिनको आवरण आदि जस्ता विभिन्न मापदण्डहरूको आधारमा कुनै विशेष क्षेत्रमा उब्जाउन सकिने विभिन्न बालीहरूको अनुकूलताको मूल्याङ्कन गर्ने प्रक्रिया हो। यस विश्लेषणको उद्देश्य उक्त क्षेत्रमा फस्टाउन सक्ने सबैभन्दा उपयुक्त तरकारी र फलफूल बालीहरू पहिचान गर्नु र वातावरणीय प्रभावहरूलाई कम गर्दै गुणस्तरीय उत्पादन र नाफाको उच्च उपज प्रदान गर्नु हो। उपयुक्त कृषि उत्पादनको लागि उपलब्ध भूमि स्रोतहरूको अधिकतम उपयोग हासिल गर्न भूमि उपयुक्तता विश्लेषण एक पूर्वशर्त हो। यो अध्ययन सबैभन्दा प्रतिस्पर्धी बालीको उद्यमशीलता र व्यावसायीकरणको लागि पनि महत्त्वपूर्ण छ। उत्पादन-केन्द्रित लाभहरूको अतिरिक्त, यस्तो विश्लेषणले तरकारी र फलफूल उत्पादनलाई बजारको मागसँग मिलाउने अवसर प्रदान गर्दछ जसले गर्दा चयन गरिएका तरकारी र फलफूल बालीहरू पारिस्थितिक रूपमा मात्र नभई बलियो बजार सम्भावना पनि सुनिश्चित हुन्छ। तथ्याङ्कीय विश्लेषण विधिहरु प्रयोग गरेर भूमि मूल्याङ्कन र बाली उपयुक्तता विश्लेषणले यी समस्याहरू समाधान गर्नेछ र किसानहरूको लागि राम्रो भूमि प्रयोग गर्ने विकल्पहरू प्रदान गर्नेछ।

## ३. अध्ययनको उद्देश्य

### ३.१. मुख्य उद्देश्य

मैवाखोला गाउँपालि काका छनोट गरिएका क्लस्टरहरूमा तरकारी तथा फलफूल बाली उत्पादन र बजारीकरणको लागि प्राविधिक सम्भाव्यता, व्यावसायिक पारिस्थितिक प्रणाली र नाफामूलक भएका उपयुक्त पकेट क्षेत्रहरु निर्धारण गर्ने।

### ३.२. विशिष्ट उद्देश्यहरू

१. मैवाखोला गाउँपालिकामा तरकारी तथा फलफूल बाली उत्पादनको लागि स्थानीय तहसम्म उपयुक्त आधार तयार गर्ने।

२. मैवाखोला गाउँपालिकामा तरकारी तथा फलफूल बाली उत्पादनको व्यावसायिक पारिस्थितिक प्रणाली र नाफामूलक अवस्थाको मूल्याङ्कन गर्ने।

३. तरकारी र फलफूल बालीहरूको उत्पादनको अनुकूलनको तुलना तिनीहरूको प्राविधिक मापदण्डहरूको आधारमा गर्ने।

४. तरकारी र फलफूलको वितरण र बिक्री बढाउन प्रभावकारी बजार रणनीति र च्यानलहरूको मूल्याङ्कन र सिफारिस गर्ने।

## ४. अध्ययनको क्षेत्र

- गुणस्तरीय उत्पादनको लागि हिउँदे र वर्षे मौसमका तरकारी र फलफूल बालीहरूको प्राविधिक मापदण्डहरू तयार गर्ने जस्तै जग्गाको उचाई, मोहडा, माटोको अवस्था, तापक्रम, वर्षा, सिँचाई, आर्द्रता, सौर्य विकिरण, भूमि प्रयोग, भूमि आवरण आदि।
- अध्ययनले मैवाखोला गाउँपालिकाका सबै ६ वटा वडाहरूलाई समेटेको छ र तरकारी तथा फलफूल बाली उत्पादनको लागि उपयुक्त वडाका सम्भावित क्षेत्रहरु पहिचान गरेको छ।
- अध्ययन मुख्यतया बाली अनुकूलनमा केन्द्रित रही तरकारी र फलफूल बाली उत्पादनको लागि जमिन उपयुक्तता विश्लेषण स्थानीय स्तरसम्म भएकोछ।
- यो अध्ययन मैवाखोला गाउँपालिकामा अवस्थित तरकारी र फलफूल बाली उत्पादन स्थलको सामाजिक-आर्थिक तथ्याङ्कमा केन्द्रित रही तरकारी तथा फलफूल उत्पादन क्षेत्रहरूको प्रोफाइल तयार गरिएको छ।

- यस अध्ययनले मैवाखोला गाउँपालिकामा तरकारी तथा फलफूल बजार सञ्जाललाई सुदृढ पार्न अवस्थित बजार ढाँचाहरूको मूल्याङ्कन, समस्याहरूको पहिचान गरी सिफारिसहरू प्रदान गरेको छ।
- अध्ययनले तोकिएको स्थानमा तरकारी र फलफूल उत्पादन क्लस्टर सिफारिस गरेको छ।
- तरकारी तथा फलफूल बाली उत्पादनको सबल पक्ष, दुर्बल पक्ष, अवसर तथा चुनौतीको विश्लेषण (SWOT Analysis) गरिएको छ र मूल्य श्रृङ्खलाको नक्साङ्कन तयार गरिएकोछ।
- तथ्याङ्क र जानकारीको आधारमा, तरकारी र फलफूल बाली उत्पादनको अनुकूलन सम्बन्धी सबै निष्कर्ष र सिफारिसहरू समावेश गरी विस्तृत प्रतिवेदन तयार गरिएकोछ।

## ५. अध्ययन विधि

मैवाखोला गाउँपालिकाको फलफूल र तरकारी क्षेत्रको विकासका लागि उपलब्ध श्रोतहरुको पहिचान तथा सम्भाव्यता अध्ययन गर्दा देहाय अनुसारको विधिहरु उपयोग गरिएको छः-

### *५.१* डेस्क रिभ्यू (Secondary Data and Information Collection, Review)

फलफूल तथा तरकारी बालीको सम्भाव्यता अध्ययनको सिलसिलामा देहाय बमोजिमका विषयहरुमा गहन अध्ययन गरिएको छः

- नेपालको संविधान, २०७२ तथा स्थानीय सरकार सञ्चाल ऐन, २०७४ बमोजिमका गाउँपालिकाहरुलाई प्रदान गरिएका काम, कर्तव्य तथा अधिकार क्षेत्रका विषयहरु
- संघ तथा प्रदेश सरकारका कृषि विकास सम्बन्धि नीति नियम तथा योजनाहरु
- कृषि नीति, २०६१; कृषि विकास रणनीति, २०१५; सोह्रौं आवधिक योजना, २०८१/०८२; दीर्घकालिन सोच, २१०० तथा दीगो विकास लक्ष्य, २०१५
- गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम, रणनैतिक योजना, आवधिक योजना लगायत कृषि सेवा शाखाका वार्षिक कार्यक्रमहरु
- फलफूल तथा तरकारी बाली विषयक उपलब्ध सामाग्रीहरुको अध्ययन तथा तथ्याङ्क सङ्कलन

### *५.२* प्रारम्भिक सूचना सङ्कलन (Primary Data and Information Collection)

प्राथमिक सूचना तथा तथ्याङ्कहरु ६ वटा वडाका जनप्रतिनिधिहरु, कृषकहरु, कृषि उद्यमी/ व्यवसायीहरु, कृषि क्षेत्रका विज्ञहरु, प्राविधिक कर्मचारीहरु तथा सम्बन्धित सरोकारवालाहरु सँग अन्तरक्रिया तथा अन्तरवार्ताको माध्यमबाट विवरण सङ्कलन गरिएको छ।

### ५.३ दोश्रो चरणमा सूचना सङ्कलन (Secondary Information Collection)

दोश्रो चरणका सूचनाहरु कृषि विकास कार्यक्रम सञ्चालनका लागि आवश्यक नीति तथा कानून निर्माण गर्ने संघीय मन्त्रालय, विभाग, निर्देशनालय, कोशी प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय, निर्देशनालयहरु, कृषि ज्ञान केन्द्रका वेभसाइट तथा प्रकाशनहरु र मैवाखोला गाउँपालिकाबाट प्रकाशित वार्षिक पुस्तिका, किताब, बुलेटिन, बुक्लेट, पत्रिका, वेभसाईटमा भएका सूचना आदिबाट सङ्कलन गरिएको छ।

### ५.४ प्रारम्भिक प्रस्तुतिकरण, छलफल तथा अन्तरक्रिया कार्यक्रम

मैवाखोला गाउँपालिकामा फलफूल तथा तरकारी बालीको स्थलगत रुपमा सम्भाव्यता अध्ययन गर्ने क्रममा अगुवा कृषक, निजी क्षेत्र, गैर-सरकारी संस्था, गाउँपालिका तथा वडा कार्यालयहरुका जनप्रतिनिधिज्यूहरुको संलग्नता र गाउँपालिकाको आयोजनामा तथा नेपाल फार्मर्स एडभाइजरी काउन्सिल प्रा लि को प्राविधिक सहयोगमा २०८२ साल बैशाख १४ गते मैवाखोला गाउँपालिका-३ साँघु स्थित नारायणी माध्यमिक विद्यालयको सभाहलमा यस गाउँपालिकामा तरकारी तथा फलफूल बाली उत्पादनको लागि उपयुक्त प्राविधिक मापदण्डहरू परिभाषित गर्न प्रारम्भिक प्रतिवेदनको प्रस्तुतिकरणका साथै कृषक समूह/सहकारी, निजी फर्म, प्रगतीशिल किसानहरु, विज्ञहरु, जनप्रतिनिधिहरु, सन्चारकर्मिहरु, कार्यक्षेत्रमा कार्यरत कर्मचारीहरुसँग वृहत्त छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो।

सरोकारवालाहरुसँग सम्भाव्य फलफूल तथा तरकारी बालीहरुका बारेमा सुझाव संकलन, यस क्षेत्रमा फलफूल तथा तरकारीका राम्रा पक्षहरु, समस्याहरु, सम्भावनाहरु र चुनौतीहरु सम्बन्धमा सरोकारवालाहरुसंग व्यापक छलफल गरिएको थियो (यस सम्बन्धी माइन्यूट अनुसूची-१ मा राखिएको छ)।

### ५.५ स्थलगत अनुगमन तथा अवलोकन (Field Monitoring and Observation)

मैवाखोला गाउँपालिकाका कृषि विकास शाखा प्रमुख श्री सुरेन्द्र राईको साथमा नेपाल फार्मर्स एडभाइजरी काउन्सिल प्रा लि का तर्फबाट बागवानी विज्ञ श्री सञ्जय धिमाल र बागवानी विज्ञ श्री चन्द्रमान श्रेष्ठबाट यस मैवाखोला गाउँपालिकाको प्रत्येक वडाहरुमा स्थलगत भ्रमण, अनुगमन तथा अवलोकन गरिएको छ।

### ५.६ वडागत तथा समूहगत छलफल (Focal Group Discussion)

फलफूल तथा तरकारी बालीको सम्भाव्यता अध्ययन गर्ने क्रममा यस गाउँपालिकाको सबै वडाहरुमा कृषिका राम्रा पक्षहरु, समस्याहरु, सम्भावनाहरु र चुनौतीहरु सम्बन्धमा सरोकारवालाहरुसंग Focal Group Discussion (FGD) वि.सं. २०८२ साल बैशाख १४ देखि १६ गतेसम्म वडागत छलफल संचालन गरिएको थियो।वडागत छलफल तथा

अन्तरक्रियामा मैवाखोला गाउँपालिका अन्तर्गत रहेका ६ वटै वडाहरुका जनप्रतिनिधिहरु सहितको उपस्थितिमा तथा परामर्शदाताका प्राविधिकहरुको संयुक्त छलफलमा सम्बन्धित वडाहरुका कृषि विशेष गरी फलफूल तथा तरकारी बालीका विद्यमान अवस्था, प्रमुख समस्या तथा चुनौतिहरु, सम्भावना र अवसरहरुको विषयमा समूहगत छलफल गरी सुझावहरु संकलन गरिएको थियो। प्रत्येक वडामा भएको छलफलका विषय तथा सहभागीहरुको नामावली अनुसूची-२ मा राखिएको छ।

## ५.७ सबल तथा कमजोर पक्ष, अवसर र जोखिमहरुको विश्लेषण (SWOT Analysis)

यस मैवाखोला गाउँपालिकाको कृषि विकास सम्बन्धी सबल तथा कमजोर पक्षहरु, अवसर र जोखिमहरुको विश्लेषण (SWOT Analysis) गरिएको छ।

## ५.८ प्रारम्भिक प्रतिवेदन (Inception Report)

मैवाखोला गाउँपालिकाबाट प्रदान भएको फलफूल तथा तरकारी बालीको स्थलगत रुपमा सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गर्नका लागि कार्यगत शर्त एवं सम्झौता बमोजिम सम्पादन गर्नु पर्ने कार्यहरुको विस्तृत कार्य-योजना विवरण सहितको प्रारम्भिक प्रतिवेदन तयार गरी तोकिएको समय भित्र पेश भई सकेको छ।

## ५.९ तथ्याङ्क विश्लेषण

विभिन्न श्रोतबाट संकलित तथ्याङ्कहरुलाई भरपर्दो रुपमा प्रशोधन कार्य गर्न तथ्याङ्कहरुको Data Entry, Data Analysis लगायतका कार्यहरु गर्न कम्प्यूटर सफ्टवेयर MS Excel को प्रयोग गरियो। उक्त सफ्टवेयरहरु प्रयोग गरी तथ्याङ्क तालिका, चित्रहरु तयार गरी तुलनात्मक अध्ययन गरियो।

## ५.१० मस्यौदा प्रतिवेदन (Draft Report)

मैवाखोला गाउँपालिकाको फलफूल तथा तरकारी बालीको स्थलगत रुपमा सम्भाव्यता अध्ययन प्रतिवेदन मस्यौदा तयारी सम्बन्धमा यस गाउँपालिकाका ६ वटै वडाहरुका निर्वाचित जनप्रतिनिधिहरु, सम्बन्धित वडाका स्थानियबासीहरु, कृषकहरु, कृषि उद्यमी/व्यवसायीहरु, सरोकारवालाहरुसंग एक दिने छलफल, अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरी तथा स्थलगत रुपमै प्रत्येक वडाका सरोकारवालाहरुसंग समूहगत छलफल गरी प्राप्त तथ्याङ्क तथा विवरणहरुलाई समेटेर फलफूल तथा तरकारी बालीको सम्भाव्यता विषयक मस्यौदा प्रतिवेदन (Draft Report) तयार गरी गाउँपालिकामा पेश गरिएको थियो।

## ५.११ अन्तिम प्रतिवेदन प्रमाणीकरण तथा पेश (Final Report Validation and Submission)

यस मैवाखोला गाउँपालिकाको फलफूल तथा तरकारी बालीको स्थलगतरुपमा सम्भाव्यता अध्ययनको तयारी मस्यौदा प्रतिवेदन उपर मिति २०८२/०३/१० गते गाउँपालिकाको सभाहलमा गाउँपालिका अध्यक्ष श्री विजय प्रकाश वनेमज्यूको अध्यक्षतामा गाउँपालिकाका वडा अध्यक्षज्यूहरु, जनप्रतिनिधिहरु, कर्मचारीहरु, नेपाल फार्मर्स एडभाइजरी काउन्सिल प्रा लि का पदाधिकारी तथा विज्ञहरुको उपस्थितिमा आयोजित वैद्यता कार्यशाला गोष्ठी (Validation Workshop) मा प्रतिवेदन प्रस्तुतीकरण र छलफलको क्रममा सहभागीहरुबाट प्राप्त राय सल्लाह सुझावहरु संकलन भई सकेपछि ती राय सुझावहरु समेतलाई मस्यौदा प्रतिवेदनमा समेटी अन्तिम प्रतिवेदन (Final Report) तयार गरी गाउँपालिकामा पेश गरिएको छ।

## ६. अपेक्षित प्रतिफलहरु

- गाउँपालिकामा तरकारी तथा फलफूल बाली उत्पादनका लागि उपयुक्त क्षेत्रहरू निर्धारण भएको।
- तरकारी तथा फलफूल बाली उत्पादनको जग्गा तथा बाली अनुकूलताको विश्लेषणात्मक पहिचान गरिएको।
- गाउँपालिकामा तरकारी तथा फलफूल बाली उत्पादनको लागि कुल सम्भावित क्षेत्र पहिचान गरिएको।
- तरकारी तथा फलफूल उत्पादन र वितरण अन्तर्गत रहेका बजारीकरणका विभिन्न संजालको पहिचान भएको।

## ७. मैवाखोला गाउँपालिकाको परिचय

मैवाखोला गाउँपालिका ताप्लेजुङ जिल्लाका ८ गाउँपालिकाहरू मध्ये एक हो। नेपालको सुदूर पूर्वी जिल्ला ताप्लेजुङ्गको पूर्वमा आठराई त्रिवेणी गाउँपालिका, पश्चिममा संखुवासभा जिल्लाको पञ्चखपन नगरपालिका र चैनपुर नगरपालिका, उत्तर-पूर्वमा ताप्लेजुङ्ग जिल्लाकै मिरिङदेन गाउँपालिका र दक्षिणमा तेह्रथुम जिल्लाको मेन्छयायेम गाउँपालिका चार किल्ला बीच अवस्थित साबिक तीन वटा गा.वि.स.हरू (ढुङ्गेसाँघु, साँघु र फाकुम्बा) समायोजन भई मैवाखोला गाउँपालिका नामाकरण भएको हो। यस गाउँपालिकामा जम्मा ६ वटा वडाहरु रहेका छन्।

वर्तमान नेपालको संविधानमा व्यवस्था भए बमोजिमको स्थानीय तह अन्तर्गत एउटा स्थानीय तह वा सरकारको रुपमा स्थापित मैवाखोला गाउँपालिका जसको संचालन निर्वाचित जनप्रतिनिधिहरुबाट भइरहेको छ। यस गाउँपालिकाको कार्य तथा जिम्मेवारीहरु संविधानको अनुसूचीहरुमा उल्लेख भए अनुसार सञ्चालन भइरहेको छ। हाल यो स्थानीय सरकार संचालन

ऐन, २०७४ बाट व्यवस्थित र संचालित छ। संघ र प्रदेश सरकारसंग यसको सम्बन्ध, सह-अस्तित्व, समन्वय र सहकारिताको सिद्धान्तबाट निर्देशित र व्यवस्थित छ। व्यवस्थापिकाको रुपमा गाउँसभा, न्यायपालिकाको रुपमा न्यायिक समिति र कार्यपालिकाको रुपमा गाउँकार्यपालिका जस्ता संरचनाहरु मार्फत यसले स्थानीय सरकारको रुपमा अभ्यास गरिरहेको छ।

भौगोलिक अवस्थितिको दृष्टिकोणले मैवाखोला गाउँपालिकाभित्र विविधता देखिन्छ। समुन्द्र सतहबाट ८०० मिटर देखि २९०० मिटरसम्मको उचाईमा रहेको यस गाउँपालिकाको क्षेत्रफल १३८ वर्ग किलोमिटर रहेको छ। वि.सं.२०७८ सालको जनगणनाको अन्तिम नतिजा अनुसार यस गाउँपालिकामा २०६४ घरधुरी, पुरुष ४८४३ र महिला ४३५५ गरी जम्मा ९१९८ जनसंख्या रहेको छ। यस गाउँपालिका अन्तर्गत उद्योग तथा कलकारखानाहरुको विकास नभएको हुँदा यहाँको मुख्य आर्थिक आधार भनेको नै कृषि पेशा हो।

## ७.१. मैवाखोला गाउँपालिकाको जनसंख्या तथा घरधुरी

**तालिका नं. १: गाउँपालिकाको जनसंख्या, टोल, गाउँ तथा घरधुरीको विवरण**

| वडा नं. | जनसंख्या | | | घरधुरी | गाउँ | टोल |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | | | |
| १. | ८२६ | ८९६ | १७२२ | ३९७ | ५ | ५ |
| २. | ७२७ | ७४८ | १४७५ | २८३ | ७ | ७ |
| ३. | ६१२ | ६४९ | १२६१ | ३५० | ५ | ५ |
| ४. | ६५७ | ७४८ | १४०५ | ३५५ | ६ | ६ |
| ५. | ७५५ | ८९७ | १६५२ | ३४० | ५ | ५ |
| ६. | ७७८ | ९०५ | १६८३ | ३३९ | ५ | ५ |
| **जम्मा** | **४३५५** | **४८४३** | **९१९८** | **२०६४** | **३३** | **३३** |

*श्रोत :केन्द्रिय तथ्याङ्क विभाग, २०७८*

## ७.२ जिल्ला, गाउँपालिका तथा वडाहरुको नक्सा




चित्र नं. १: ताप्लेजुङ्ग जिल्लाको नक्सा



चित्र नं. २: मैवाखोला गाउँपालिकाको नक्सा




चित्र नं. ३: मैवाखोला गाउँपालिकाको वडा नम्बर १ को गुगल दृश्य

## ७.२ (क) मैवाखोला गाउँपालिका वडा नम्बर-१ (बरङ्याङ्ग, तेल्लाबुङ्ग)

| गाउँ/टोल | समुद्र सतहदेखिको उचाई | गाउँ/टोल | समुद्र सतहदेखिको उचाई |
|---|---|---|---|
| बरङ्याङ्ग | ८००-१३०० | सुरबिरे | ८००-१३०० |
| तेल्लाबुङ्ग | ८००-१३०० | सागफारा | ८००-१३०० |
| ढुङ्गेसाँघु | ८००-१३०० | मेलटार | १४००-१५०० |
| फट्याङग्रे | ८००-१३०० | चित्रे | १५००-१८०० |

मैवाखोला गाउँपालिकाको वडा नं. १ को उत्तर भागमा मैवा खोला पूर्वतर्फ आठराई त्रिवेणी गाउँपालिका, दक्षिण तर्फ तेह्रथुम जिल्ला र पश्चिम तर्फ वडा नम्बर २ रहेको छ। यस वडाको भिरालो जमिन उत्तर-पूर्व मोहडा फर्किएको छ। यस वडाको बीच भागवाट र तल्लो भागवाट मोटरवाटोको सुविधा रहेको छ। यो वडाको तल्लो क्षेत्र मैवा खोला ८०० मिटर उचाईमा रहेको छ भने माथिल्लो भाग २००० मिटर सम्म रहेको छ। यो वडाको तल्लो क्षेत्रको धेरैजसो भू-भागमा धान तथा मकै खेती गरिएको छ भने माथिल्लो क्षेत्रमा अलैंची खेती गरिएको छ। यो वडाको १४०० मिटर देखि तल सुन्तला खेती राम्रो भएको छ। यो वडाको तल्लो क्षेत्रमा एभोकाडो र कफि राम्रो हुन्छ भने १४०० मिटर भन्दा माथिको भू-भागमा किविफल खेती राम्रो हुन्छ। यस भेगमा फलफूल तर्फ सुन्तला, कागती, अम्बा, केरा, कफी, एभोकाडो, मेकाडेमियानट फलफूल बालीको सम्भावना देखिन्छ भने तरकारी तर्फ काउली समूह, सागपातबाली समूह, फलबाली समूह, लहरेबाली समूह, गानोबाली समूह, कोशेबाली समूह र जरेबाली समूह

अन्तर्गतका सबै किसिमका तरकारी बाली खेती गर्न सकिन्छ। त्यसै गरी अलैंची, अदुवा, बेसार बालीलाई पनि राम्रो सम्भावना छ।

## ७.२ (ख) मैवाखोला गाउँपालिका वडा नम्बर-२ (लेकुवा)




**चित्र नं. ४: मैवाखोला गाउँपालिका वडा नम्बर २ को तल्लो भू-भागको गुगल दृश्य**

| गाउँ/टोल | समुद्र सतहदेखिको उचाई | गाउँ/टोल | समुद्र सतहदेखिको उचाई |
|---|---|---|---|
| लेकुवा | १०००-१३०० | मुडे | ≥ १४०० |
| तेम्बे | १०००-१३०० | भुसुने | ≥ १४०० |
| हात्तिखावा | १०००-१३०० | लाली | ≥ १४०० |
| ठोट्ने | १०००-१३०० | | |

यस वडाको उत्तरतर्फ मैवा खोला, पूर्वतर्फ वडा नम्बर १ र आठराई त्रिवेणी गाउँपालिका रहेको छ भने दक्षिणतर्फ तेह्रथुम जिल्ला र पश्चिमतर्फ वडा नम्बर ३ रहेको छ। यो वडा उत्तर-दक्षिण लम्बिएर रहेको छ र जमिनको मोहडा उत्तर-पूर्व फर्किएको छ। यस वडाको सबैभन्दा तल्लो भाग मैवा खोला क्षेत्रमा १००० मिटर उचाई रहेको छ भने १३०० मिटर सम्मको भू-भागमा धान तथा मकै खेती गरिएको खेतियोग्य जमिन रहेको छ। यस वडाको दक्षिण तर्फको उच्च भागमा घना जङ्गल रहेको छ र उचाई २८०० मिटरसम्म रहेको छ। १५०० देखि २५०० मिटरसम्म उचाईको भिरालो चिस्यान भएको भू-भागमा अलैंची खेती राम्रो भएको छ। वडा नम्बर २ को तल्लो भू-भागमा १४०० मिटरसम्म सुन्तला र एभोकाडो खेतीको लागि माटो तथा हावापानी  राम्रो भएको छ। यस वडाको १४०० मिटर भन्दा माथि किविफल खेति राम्रो हुन्छ।

यस भेगमा फलफूल बालीतर्फ सुन्तला, कागती, कफी, अम्बा, एभोकाडो खेतीका लागि राम्रो सम्भावना देखिन्छ भने १५०० देखि २५०० मिटरसम्मको भू-भागमा नास्पाती, आरु, आरुबखडाको राम्रो सम्भावना छ। तरकारी तर्फ काउली, बन्दा, प्याज, रायो, मूला, टमाटर, आलु तरकारी बाली खेतीको सम्भावना राम्रो छ। त्यसै गरी प्याज, छ्यापी, लसुन र अलैंची बालीलाई यो क्षेत्र उपयुक्त देखिन्छ।

### ७.२ (ग) मैवाखोला गाउँपालिका वडा नम्बर-३ (साँघु)




**चित्र नं. ५: मैवाखोला गाउँपालिकाको वडा नम्बर ३ को सेटेलाइट तस्विर**

| गाउँ/टोल | समुद्र सतहदेखिको उचाई | गाउँ/टोल | समुद्र सतहदेखिको उचाई |
|---|---|---|---|
| तुम्बे | ११००-१६०० | बुङ्धाक | ≥ १६०० |
| गौतम डाँडा | ११००-१६०० | माने डाँडा | ≥ १६०० |
| साँघुपाटी | ११००-१६०० | ताल खर्क | ≥ १६०० |
| कोल डाँडा | ११००-१६०० | ताङ्साङ्दे | ≥ १६०० |

यस वडाको पूर्व तर्फ वडा नम्वर २ रहेको छ उत्तर तर्फ वडा नम्बर ५ को खोला सिमाना रहेको छ भने पश्चिम तर्फ वडा नम्बर ४ रहेको छ र दक्षिण सिमानामा तेह्रथुम जिल्ला र संखुवासभा जिल्लाको केहि भाग रहेको छ। यस वडा पनि उत्तर-दक्षिण लम्बिएर रहेको छ दक्षिणतर्फ अग्लो पहाडी भू-भाग छ र उत्तर तर्फ ओरालो उत्तर-पूर्व मोहडा फर्केको जमिन रहेको छ। यस वडाको तल्लो सिमाना ११६० मिटर रहेको छ भने दक्षिण तर्फ उचाई वढ्दै जाँदा करिब २८०० मिटर सम्म रहेको छ। माथिल्लो भू-भाग घना जङ्गल रहेको छ। १६०० मिटर भन्दा माथिको सेपिलो भू-भागमा अलैची निकै राम्रो रहेको छ भने तल्लो क्षेत्रको भू-भागमा

धान, मकै खेती गरिएको छ। यो वडाको पनि १६०० मिटर भन्दा तलको भू-भागमा सुन्तला, कागती, एभोकाडो राम्रो हुनेछ भने १६०० मिटर भन्दा माथिको उच्चाइमा किविफल खेती नाफामूलक हुनेछ। हाल करेसाबारीको रुपमा नास्पाती, आरु, आरुबखडा लगाइएको छ। यो वडा पनि निकै हरियाली देखिन्छ र अलैचीको लागि चिस्यान निकै राम्रो देखिन्छ। यो वडामा मैवाखोला गाउपालिकाको कार्यालय रहेको छ र गाउँपालिकाको बीच भागमा परेकोले आइतवारे हटिया अर्थात् कृषि हाटबजार लाग्ने रहेछ। गाउँपालिका भवन सँगै नारायणी माध्यामिक विद्यालय रहेको छ।

## ७.२ (घ) मैवाखोला गाउँपालिका वडा नम्बर-४ (ताम्राङ्ग)




**चित्र नं. ६: मैवाखोला गाउँपालिकाको वडा नम्बर ४ को सेटेलाइट तस्विर**

| गाउँ/टोल | समुद्र सतहदेखिको उचाई | गाउँ/टोल | समुद्र सतहदेखिको उचाई |
|---|---|---|---|
| ताम्राङ्ग | १४००-१६०० | मालिङ्गेनी | ≥ १६०० |
| सौरेनी | १४००-१६०० | गेम्बो | ≥ १६०० |
| रिफाइले | १४०० | घिमिरे गाउँ | १२०० |
| भालिखोप | १४००-१६०० | | |

यो वडाको धेरै जसो भू-भागको पश्चिम र दक्षिण तर्फ संखुवासभा जिल्ला रहेको छ भने पूर्वतर्फ वडा नम्बर ३ रहेको छ। त्यसै गरी उत्तर सिमाना तर्फ वडा नम्बर ५ र ६ सँग जोडिएको छ। वडा नम्बर ४ को सबै जसो भू-भाग उच्च पहाडी शितोष्ण हावापानीमा पर्दछ। यो वडाको सबैभन्दा तल्लो क्षेत्रनै १४०० मिटर उचाईमा रहेको छ भने वडा कार्यालय भवन २००० मिटर

उचाईमा रहेको छ। माथिल्लो भू-भाग वनजङ्गलले ढाकेको छ र उचाई २९०० मिटरसम्म रहेको छ। यो वडाको सबै जसो भू-भाग उत्तर-पूर्व मोहडा फर्केको छ। यो वडामा तल्लो भागमा मकै, कोदो, गहुँ, फापर हुन्छ भने प्रमुख बाली आलु हो र वडाको भिरालो पाखो चिस्यान भएको ठाउँमा अलैंची बाली निकै राम्रो भएको छ। फलफूल बालीमा हाल नास्पति, आरु, आरुबखडा भएको छ भने भर्खर किविफल खेती शुरुवात भएको रहेछ। यो वडामा धेरै चिसोको कारण एभोकाडो हुँदैन। वेमौसमी तरकारी खेतीको लागि उपयुक्त हावापानि र माटो रहेको छ तर यातायातको सुविधा सहज नहुँदा किसानले गर्न सकेका छैनन्।

### ७.२ (ङ) मैवाखोला गाउँपालिका वडा नम्बर-५ (देवलढुङ्गा)




**चित्र नं. ७: मैवाखोला गाउँपालिकाको वडा नम्बर ५ को सेटेलाइट तस्विर**

| गाउँ/टोल | समुद्र सतहदेखिको उचाई | गाउँ/टोल | समुद्र सतहदेखिको उचाई (मिटर) |
|---|---|---|---|
| फाकुम्बा | ≤ ९०० | फुन्द्रा | १६००-१७०० |
| घोरेटार | १०००-११०० | कामसाङ्ग | १८००-२२०० |
| देवलढुङ्गा | ≥ ११०० | चिम्फाक | १८००-२२०० |
| नुम्लोक | ≥ १५०० | | |

यस मैवाखोला गाउँपालिकाको वडा नम्बर ५ को पूर्वि सिमानामा वडा नम्बर ३ रहेको छ, दक्षिण तर्फ वडा नम्बर ४ र उत्तर सिमानामा मैवा खोला रहेको छ भने पश्चिम सिमानामा वडा नम्बर ६ रहेको छ। यस ५ नम्बर वडा गाउँलाई र ६ वडाको गाउँलाई साविकको फाकुम्बा गाउँको नामले चिनिने रहेछ।

यस वडाको तल्लो भाग ९०० मिटर उचाई देखि माथि २९०० मिटर सम्म रहेको छ। वडाको तल्लो भू-भाग क्षेत्रमा मकै, कोदो, गहुँ, फापर र प्रमुख बाली आलु रहेको छ भने माथिल्लो क्षेत्रमा अलैची खेति राम्रो भएकोछ। तल्लो क्षेत्रमा सुन्तला, कागती, एभोकाडो शुरुवात भएको छ भने माथिल्लो क्षेत्रमा किविफल शुरुवात भएको छ। माथिल्लो भू-भागमा नास्पति, आरु, आरुबखडा फाटफुट रुपमा रहेको छ। यस वडाको चिमफाक भन्ने स्थानको उचाई १८०० देखि २००० मिटर रहेको छ र यहाँ फलफूलतर्फ अंगुरको पनि राम्रो सम्भावना देखिन्छ भने तरकारी तर्फ आलु, पिँडालु, तरुल, फूल तरुलको राम्रो सम्भावना छ र बेमौसमी तरकारीको रुपमा गोलभेंडा, काउली, बन्दा, सिमी, केराउ बालीको खेती उपयुक्त देखिन्छ। यस वडाको देवलढुङ्गा (१६००-२२०० मिटर) क्षेत्रमा नास्पाती, किवी फलफूल बालीको सम्भावना राम्रो देखिन्छ र तरकारी बालीतर्फ इस्कुस, रायो, मूला, आलु, काउली, बन्दा बाली खेतीको लागि उपयुक्त देखिन्छ। यस वडाको खोर्त (९०० मिटर) भेगमा अदुवा, बेसार, प्याज, लसुन बालीको लागि राम्रो हुन्छ।

### ७.२ (च) मैवाखोला गाउँपालिका वडा नम्बर-६ (फाकुम्बा)




**चित्र नं. ७: मैवाखोला गाउँपालिकाको वडा नम्बर ६ को सेटेलाइट तस्विर**

| गाउँ/टोल | समुद्र सतहदेखिको उचाई (मिटर) | गाउँ/टोल | समुद्र सतहदेखिको उचाई (मिटर) |
|---|---|---|---|
| तेङ्कबुङ्ग | ≤ ९०० | भित्ते | ≥ १७०० |
| साङ्गलुक्पा | ≥ १००० | रानीबन | ≥ १७०० |
| हाम्फाबुङ | ≥ १००० | साम्तोङ्ग | ≥ २२०० |

फाकुम्बा गाउँको नामले परिचित यो वडा सबैभन्दा विकट रहेको छ र क्षेत्रफल धेरै रहेको छ। यो वडाको पूर्वतर्फ वडा नम्बर ५ रहेको छ भने उत्तरतर्फ मिरिङ्गदेन गाउँपालिका र मैवा खोला सिमाना रहेको छ। पश्चिमतर्फ संखुवासभा जिल्ला र दक्षिणतर्फ वडा नम्बर ४ को भू-भागले छोएको छ। यस वडाको सबैभन्दा तल्लो क्षेत्र ९०० मिटरदेखि २७०० मिटरसम्म बसोवास रहेको छ भने यो वडाको सबैभन्दा उच्च स्थान ४६०० मिटरसम्म रहेको छ।

यस क्षेत्रको प्रमुख बाली आलु हो भने तल्लो क्षेत्रमा मकै, गहुँ, कोदो, फापर लगाउने गरिन्छ। तल्लो क्षेत्रको खोला किनार क्षेत्रमा केहि सुन्तला, एभोकाडो हुन्छ भने माथिल्लो क्षेत्रमा आरु, नास्पाति, आरुबखडा, हलुवावेद, ओखर हुन्छ। विगत केहि वर्ष देखि किविफल खेति राम्रो भएको छ। तर उन्नत जात र खेती प्रविधिको कमजोरीको कारण गाउँमा प्रचार हुन सकेको छैन। यस वडाको पनि १६०० मिटर भन्दा माथिको भागमा अलैंची खेति राम्रो भएको छ। यस वडामा बेमौसमी तरकारीको राम्रो सम्भावना देखिन्छ।

### ८. हावापानी

मैवाखोला गाउँपालिका भित्र विविध हावापानी पाउन सकिन्छ जसले गर्दा यहाँ विविध अवसरहरु उपलब्ध छन्। यहाँका हावापानी निम्न अनुसार रहेको पाईन्छः-

**(क) उपोष्ण हावापानी (Sub-Tropical Climate):** चुरे तथा महाभारत श्रृङ्खलाको १००० मिटर देखि १५०० मिटर सम्मको उचाईमा यस किसिमका हावापानी विद्यमान छ। पहाडी भू-भाग तथा चुरियाक्षेत्र पनि पर्न यो क्षेत्र भू-क्षयको हिसाबले बढी संवेदनशिल छ। खाद्यान्न बालीमा धान, मकै, गहुँ, कोदो, फापर तेहलनमा तोरी, तरकारीमा आलु, वर्षे टमाटर, काँक्रो, करेला, भेडेखुर्सानी, अदुवा, बेसार, अगौटे तथा पछौटे काउली, बन्दाको खेती गर्न सकिन्छ। माहुरीपालनको लागिपनि यो क्षेत्र उपयुक्त देखिन्छ। यहाँ आँप, लिची, केरा, अमिला जातका फलफूल सुन्तला, कागती तथा वास्नादार अम्बाको खेती राम्रो हुने गर्दछ।

**(ख) समशितोष्ण हावापानी (Warm Temperate Climate):** यो गाउँपालिकाको महाभारत पर्वत श्रृङ्खलाको १५०० मिटर देखि २२०० मिटरसम्म समशितोष्ण हावापानी पाइन्छ। यहाँ मकै, गहुँ, जौ, फापर, कोदो, फलफूल तर्फ नास्पाती, आरु, आरुबखडाका खेती राम्रो हुने गर्दछ। यो क्षेत्र वर्षायाममा वर्षे तरकारी र वर्षे आलु बाली खेती आर्थिक दृष्टिकोणले बढी महत्व राख्दछ। चम्सुर, काँक्रो तथा काउलीका बीउ उत्पादन पनि सफलतापूर्वक गर्न सकिन्छ।

**(ग) शितोष्ण हावापानी (Temperate Climate):** यो गाउँपालिकाको महाभारत पर्वत श्रृङ्खलाको २२०० मिटर देखि २९०० मिटरसम्म शितोष्ण हावापानी पाइन्छ। ग्रीष्म न्यानो तथा छोटो, हिउँद लामो तथा ठन्डा, ग्रीष्मको समाप्ति पछि बाक्लो कुहिरो, ग्रीष्म वर्षा, यस हावापानीका विशेषताहरू हुन्। तापक्रमको कमीले कृषि कार्यका लागि यो हावापानी बढी अनुकूल छैन। तर नेपालको राम्रो स्वस्थकर हावापानी हो। यहाँ मकै, फापर, कोदो, फलफूल तर्फ ओखर,

नास्पाती, आरु, आरुबखडा, खुर्पानी खेतीको लागि राम्रो हुने गर्दछ। प्लाष्टिक टनेलमा बेमौसमी तरकारी खेती, बीउ आलु खेती र तरकारीका बीउ उत्पादन महत्व राख्दछ।

## ९. जलश्रोत/नदीनाला

मैवाखोला गाउँपालिकाका समथर भू-भागको बीच भागबाट बग्ने मैवा खोला र अन्य सानातिना पानीका मुहानहरु यहाँका मुख्य जलश्रोतहरु हुन्। अन्य खोलाहरुको पानी कृषिमा उपयोग भएता पनि सिँचाईमा खास प्रगति भएका पाईदैन। लिफ्ट सिँचाईको व्यवस्था गरिएमा यसबाट खेती गर्नसक्ने जमिनमा थप सिँचाई पुऱ्याउन सकिने देखिन्छ।

## १०. माटो

गाउँपालिका क्षेत्रभित्र चिम्टयाईलो देखि बलौट माटोसम्म पाईन्छ। माटोमा प्राङ्गारिक पर्दाथको मात्रा घटिरहेका देखिन्छ। कृषकहरुको अनुभवमा माटोका उर्वराशक्तिमा ह्रास आइरहेको छ। चुरिया क्षेत्रको माटो भू-क्षयको दृष्टिकोणले बढि सम्बेदनशील रहेको हुदाँ संरक्षित खेतिपाती गर्न आवश्यक देखिन्छ। कृषकहरुले आफ्ना पहलमा माटो जाँच गराएर खेती गरेको देखिँदैन।

## ११. कृषि प्रणाली

जीविकोपार्जनको मुख्य आधार रहेको कृषि क्षेत्रमा मिश्रित प्रणालीकै बाहुल्यता रहेको देखिन्छ। यसमा खेतीपाती र पशुपालनलाई कृषिको अभिन्न अङ्गको रुपमा लिइन्छ र यी दुबै पाटाहरु एकअर्काका परिपूरकको रुपमा रहेका छन्। पशुद्वारा खेत जोत्न र पशुको मल खेतबारीमा प्रयोग गरेर बालीको उत्पादन लिन तथा खेतबारीबाट उत्पादित बालीका उप-उत्पादन, घाँस र दाना पशुपालनमा प्रयोग गर्ने जस्ता सम्बन्ध ग्रामीण कृषिमा रहेको छ। तथापि हाल आएर यो सम्बन्ध अलि कमजोर बन्दै गएको देखिन्छ। परम्परागत रुपमा गरिदै आएको निर्वाहमुखी कृषिबाट मात्र आफ्नो आवश्यकता पुरा गर्न नसक्ने देखेर कृषकहरु व्यावसायिक कृषितर्फ उन्मुख भएको पाइन्छ। केहि कृषकहरु व्यावसायिक तथा अर्ध-व्यावसायिक रुपमा अघि बढेतापनि दीगोरुपमा थेगि राख्न संघर्ष गरिरहेका छन्।

## १२. कृषि उत्पादन र बजारीकरण

### *१२.१ हिउँदे तरकारी बाली*

यस गाउँपालिकामा काउली, बन्दा, ब्रोकाउली, मूला, रायोको साग, आलु, सिमी, घ्यू सिमी, डल्ले खुर्सानी, गोलभेंडा, लसुन, प्याज, आदि तरकारी बालीको उत्पादन गरेको पाइएको छ। बजारिकरणको समस्याले गर्दा यी बालीहरुको खेती करेसाबारीको रुपमा बढी हुने गरेको र फाटफूट रुपमा बिक्री वितरण गरेको देखिन्छ। धेरैजसो ताजा तरकारीको उत्पादन घरायसी उपभोगमा खर्च गरिन्छ भने धेरै न्यून परिमाणमा मात्र आम्दानीका लागि बिक्री वितरण गरिएको छ।

### *१२.२ वर्षे तरकारी बाली*

यस गाउँपालिकाका किसानहरूले हिउँदे तरकारीको साथसाथै वर्षे तरकारी पनि खेती गर्दै आई रहेका छन्। वर्षे तरकारी अन्तर्गत धेरैजसो लहरेबाली, सिमी, बोडी, खुर्सानी आदि उत्पादन गरी घरायसी उपभोगमा नै बढी खपत हुने गरेको र बजारको समस्याले गर्दा थोरै परिमाणमा मात्र बिक्री गर्ने गरेका छन्। अदुवा, बेसार, लसुन, धनिया, प्याज आदिलाई तरकारीका साथै मसला बालीको रूपमा खेती गरेको पाइएको छ। अधिकांश कृषकहरूले मसला बालीको खेती गरेको पाइए तापनि यसको बिक्री वितरणको पक्ष भने अत्यन्तै कमजोर देखिएको छ। किसानहरू मसला बालीको खेती घरायसी प्रयोजनको लागि बढी गरिरहेको पाइयो। यसलाई व्यावसायिक रूपमा विकास गर्न किसान स्तरमा उत्पादनको क्षमता विकासदेखि प्रशोधन र बजार व्यवस्थापनसम्मको सहयोग कुनै संघ/संस्था वा सरकारले गर्नुपर्ने हुन्छ।

### *१२.३ फलफूल बाली*

यस गाउँपालिकामा खाद्यान्न बाली र तरकारी बालीको तुलनामा कृषकहरु फलफूल बालीको खेती र उत्पादनमा संलग्न भै त्यसको बजारिकरण र बिक्री वितरण गरी आम्दानी लिने गरेको पाइएको छ। फलफूल बालीहरुको खेती मध्ये सबैभन्दा बढी सुन्तलाजात फलफूलको खेती त्यसपछि कागती, केरा, अम्बा, एभोकाडो, किवीफल, आरु, आरुबखडा, आदि मुख्य फलफूल बालीहरू हुन्। तत्पश्चात् नास्पती, रुखकटर, कफी, आँप, लिची जस्ता फलफूलहरूको पनि खेती गरिएको पाइएको छ। अनुगमनका क्रममा यस क्षेत्रमा भ्रमण गरिएको सुन्तला फलफूलका बगैंचाहरु स्वस्थ र राम्रो रहेको पाइएको छ। कृषकहरुले आफूले उत्पादन गरेको फलफूल ठेकेदारमार्फत् वा स्वयं पनि बिक्री वितरण गर्नेगरेको बारेमा जानकारी गराउनु भयो। ठेकेदार मार्फत् बिक्री गर्दा प्रति के.जी. सुन्तलाको रु.६० देखि रु.८० मात्र पाइन्छ भने आफूहरु स्वयंले बेच्दा प्रति के.जी. रु.१०० सम्म पाउने गरेको देखियो। व्यवस्थित बजार र बजार सञ्जालको अभावमा कृषकहरुले फलफूल उत्पादनबाट राम्रो आम्दानी प्राप्त गर्न सकिरहेका छैनन्।

### *१२.४ नगदे बाली*

नगदे बाली मध्येको प्रमुख बालीको रूपमा अलैंचीको खेती गरेको पाइयो। घरायसी उपभोगका लागि एकदमै थोरै परिमाणमा राखी करिब ९०-९५ प्रतिशत अलैंचीको उत्पादन बिक्री गरी प्रति मन रु. एक लाखसम्मको आम्दानी गरेको पाइएको छ। नगदे बालीलाई व्यावसायिक रूपमा विकास गर्न किसानहरूलाई प्राविधिक क्षमता विकासका साथै वित्तिय पहुँच वृद्धि गर्नुपर्ने देखिन्छ। प्राविधिक क्षमता विकासका निम्ति सरकारी निकाय, गैह्र-सरकारी संस्था तथा निजी क्षेत्रबाट तालिमको व्यवस्था हुनु आवश्यक देखिन्छ भने वित्तिय पहुँचमा वृद्धिका निम्ति बचत तथा ऋण सहकारी संस्थाहरू स्थापना गराउनुका साथै, वित्तीय संस्थाहरू जस्तै बैंक, लघुवित्त

संस्थाहरूसँगको सम्पर्क र सहकार्य बढाउनु पर्ने हुन्छ।

## १३. कृषि क्षेत्रमा देखिएका प्रमुख चुनौतीहरु

भनिन्छ नेपालको आर्थिक विकासका मुख्य आधार कृषि क्षेत्र हो। समय अनुरुप कृषि क्षेत्रका विभिन्न पाटाहरुको विकासको क्रम प्रारम्भिक अवस्थामा रहेका देखिन्छ। मैवाखोला गाउँपालिका अन्तर्गत सुगम क्षेत्रका खेतियोग्य जमिनहरु घरघडेरीका रुपमा खण्डीकरण भै बाँझो रहन तथा दूरदराजका खेतियोग्य जमिनहरु बाँझो छोड्ने क्रम बढ्दै गईरहेका छन्। कृषिको व्यावसायिकरण गर्ने विषयले गाँउ-गाँउका किसानहरुलाई समेट्न सकेको छैन, जहाँ यसका सबभन्दा बढी आवश्यकता रहेको छ। बेरोजगारीका कारण ग्रामिण क्षेत्रबाट यूवा जनशक्ति मासिक रु.१०-१५ हजार कमाउन छिमेकी राष्ट्र भारत तथा खाडी मुलुकहरुमा जानेक्रम रोक्न सकिएको छैन।

युवा जनशक्ति जो कृषि क्षेत्रमा लागेका छन् उनिहरु मध्ये धेरै जसो विभिन्न अनुदानका लागि मात्र अघिसरेको देखिन्छन्। यसरी युवाहरुको कृषिमा उदासिनता बढि रहेकोछ। यसले गर्दा कृषि क्षेत्रमा रोजगारी श्रृजना गर्न तथा खाद्यसुरक्षामा चुनौती देखिन्छ। यि सबै हुनुको कारणहरुमा कृषि क्षेत्रमा नाफामुखी, दिगो व्यवसायको रुपमा विकास गर्न नसक्नु, निजी तथा सार्वजनिक लगानी न्यून रहनु, बजार पूर्वाधार तथा व्यवस्थापनको अभाव हुनु, उत्पादन लागत बढी हुनु, गुणस्तरिय उत्पादन सामाग्रीहरु ठीक समयमा उचित मूल्यमा उपलबध नहुनु, गाँउसम्म पुग्ने सडकका अवस्था कमजोर हुनु, उत्पादित वस्तुहरुको बजारसम्मको पहुँच नहुनु, सिंचाईको अभाव हुनु, साना किसाकहरुको बाहुल्यता हुनु, उन्नत प्रविधिहरु बारे जानकारीमा कमि हुनु, कृषि पेशालाई दुःखी पेशाको रुपमा लिनु, माटोको गुणस्तरमा ह्रास आउनु तथा उत्पादन लागत बढी हुनु जस्ता कारणहरु किसानहरु सामु देखापरेका छन्।

## १४. कृषि क्षेत्रमा देखिएका अवसरहरु

मैवाखोला गाउँपालिका अन्तर्गत मैवा खोलाको आसपासमा खेतीयोग्य फराकिला फाँटहरु रहेका छन्। यि फाँटहरुमा सिंचाई गर्न दुबै श्रोतहरुबाट पानी तानेर सिंचाई पुर्‍याउन सकिने देखिन्छ। सिंचाईको साथै फलफूल तथा तरकारी क्षेत्रमा उन्नत प्रविधि तथा सघन खेतीद्वारा उत्पादकत्व र उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावना रहेको छ। यस गाउँपालिका सडक सञ्जालसंग जोडिदै गईरहेकोछ। यहाँ विविध किसिमका हावापानी पाईन्छ र बढदो माग पुरा गर्न विभिन्न किसिमका फलफूल तथा तरकारी उत्पादन गर्न सकिन्छ। बेमौसमी ताजा तरकारी, वर्षे र हिउँदे आलु देखि सुन्तला, कागती, किवीफल, केरा, अम्बा, एभोकाडो, कफीसम्म उत्पादन गर्न सकिने क्षेत्रहरु यही गाउँपालिका भित्र पर्दछन्। अदुवा, प्याज, लसुन बालीको लागि यो क्षेत्र उपयुक्त छ। नगदेबालीको रुपमा अलैंची बालीका लागि यो क्षेत्र वरदान जस्तै छ।

फलफूल तथा तरकारी क्षेत्रमा व्यावसायिकरण र यि बालीहरुका आधारित उद्योगहरु संचालन गरी रोजगारी श्रृजना गर्न सकिने देखिन्छ। गाउँमा युवा जनशक्ति बढी देखिन्छन् र यो एउटा

ठूलो उत्पादन श्रोत हो। समथर भू-भाग भएको जमिनमा यान्त्रिकरणद्वारा कृषि पेशालाई सहज बनाउन तथा उत्पादन लागत घटाई युवा जनशक्तिलाई कृषिमा आकर्षित गर्न सकिन्छ। कृषिमा आश्रित परिवारको पोषण सुधार तथा खर्च बचत गर्न प्रायः सबै कृषक परिवारले घरबगैंचा स्थापना गर्न सक्दछन्। यस बाहेक कृषिमा आधारित आयमूलक काम गरेर आफ्नो आम्दानी बढाउन सकिने छ। स्थानिय निकायले आफ्नो गाँउ ठाँउको विकास गर्न सक्ने अधिकार तथा अवसर पाएको छ। यस अवसरलाई गाँउमा कृषिको उत्पादन वृद्धि तथा रोजगारी श्रृजना गर्नका लागि प्रयोग गर्न अति आवश्यक छ।

## १५. सबल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसरहरू तथा चुनौतिहरू (SWOT )विश्लेषण

यस मैवाखोला गाउँपालिकामा फलफूल तथा तरकारी बाली सम्बन्धी सबल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसरहरू तथा चुनौतिहरू (SWOT) यस प्रकार देखिएका छन् :-

| सबल पक्षहरू | सुधार गर्नुपर्ने पक्षहरू |
|---|---|
| • उत्पादनशील फराकिला फाँट तथा विविध हावापानी रहनु (उष्ण, उपोष्ण र समशितोष्ण)<br>• दिगो विकास लक्ष्यमा खाद्य तथा पोषणको विषय समाविष्ट हुनु<br>• धेरै प्रकारका फलफूल तथा तरकारी बालीका लागि उपयुक्त हावापानी<br>• आन्तरिक तथा बाह्य बजारमा निर्यातजन्य बालीको प्रचुर सम्भवना हुनु<br>• कृषिमा आश्रित स्थानीय अर्थतन्त्र<br>• कृषि क्षेत्र स्थानीय सरकारको प्राथमिकतामा रहनु<br>• व्यावसायिक कृषितर्फ कृषकहरूको आकर्षण<br>• तदारुक जनप्रतिनिधि तथा नागरिक समाज<br>• सडक तथा बाटोघाटोको राम्रो प्रबन्ध<br>• उर्वर कृषि जमिन<br>• मैवा खोला, खहरे खोला, तथा अन्य सानातिना पानीका मुहानहरुद्वारा सिँचाई गर्न सकिने<br>• ज्ञान, सिप, पूँजी र उन्नत प्रविधि सहित वैदेशिक रोजगारबाट फर्किएका युवा कृषि | • न्यून उत्पादकत्व<br>• प्रविधि तथा प्राविधिक ज्ञान<br>• कृषि प्राविधिकहरूको विकास<br>• सामूहिक तथा संस्थागत कृषिको विकास<br>• सिँचाईको सुविधा<br>• कृषिमा ऋण प्रवाह<br>• कृषि क्षेत्रमा लगानी<br>• कृषि व्यवसायीलाई प्रोत्साहन गर्ने कार्यक्रमहरू<br>• कृषि क्षेत्रको विकासका लागि उचित नीति<br>• कृषि सामग्रीहरूको समयमा उपलब्धता<br>• कृषिमा नयाँ प्रविधिको प्रयोग<br>• कृषि पूर्वाधार (बाटो, बिजुली) को व्यवस्थापन<br>• उत्पादन उप्रान्तका क्रियाकलापहरु<br>• व्यवस्थित भण्डारण<br>• व्यवस्थित बजारीकरण<br>• न्यूनतम समर्थन मूल्य कार्यान्वयन |

| क्षेत्रमा आकर्षित हुनु | |
|---|---|
| **अवसरहरू** | **चुनौतीहरू** |
| • विविध वस्तुहरुको बढ्दो माग पुरा गर्न व्यावसायिक खेती गर्न सकिने<br>• गाउँमा सबैजसो कृषकहरुले घर बगैंचा स्थापना गरी पोषण सुधार गर्न सकिने र बचेका समय सदुपयोग गरी पैसा बचत गर्न सकिने<br>• फलफूल तथा तरकारी खेतीलाई आधुनिकीकरण गरी तुलनात्मक लाभका आधारमा बाली बिशेष पकेट क्षेत्र बनाई बढी प्रतिस्पर्धी बनाउन सकिने<br>• निर्यातजन्य वस्तुहरुको (सुन्तला, कागती, किवीफल, एभोकाडो, अलैंची, अदुवा, बेसार, बेमौसमी तरकारी, आदि) व्यावसायिक उत्पादन गर्न सकिने<br>• फलफूल तथा तरकारी बालीको निम्ति सुहाउँदो स्थानीय वातावरण जसको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा बढ्दो माग<br>• व्यावसायिक कृषिमा प्रदेश तथा संघीय सरकारको लगानी<br>• राष्ट्रिय कृषि नीतिद्वारा बजारमुखी कृषिमा जोड | • तीन तहका सरकारहरू बीच कार्यात्मक समन्वयको कमी<br>• जलवायु परिवर्तन<br>• पहाडी भू-भागमा भिरालो जमिन तथा भू-क्षय<br>• युवा तथा सक्षम जनशक्ति विदेशिने क्रम जारी<br>• जमिन टुक्रिने र बाँझो छोड्ने क्रम बढ्दो<br>• उत्पादन लागत बढी हुनु<br>• गुणस्तरीय बीउविजन तथा मलखादको आपूर्तिमा कमी<br>• कृषि व्यापारमा निजी क्षेत्रको बढ्दो एकाधिकार<br>• बजार मूल्यमा बिचौलियाको मनोमानी |

## १६. फलफूल तथा तरकारी बालीको प्रवर्द्धनका लागि प्राथमिकता क्षेत्र

मैवाखोला गाउँपालिकामा सम्भाव्य फलफूल तथा तरकारीबालीहरुको प्रवर्द्धनका लागि देहाय अनुसारका क्षेत्रहरुलाई प्राथमिकतामा राखी कार्यक्रम अगाडि बढाउनु पर्छः-

**(क) सिँचाईः** फलफूल तथा तरकारीबालीहरुको उत्पादकत्व वृद्धि तथा सघन खेतीद्वारा उत्पादन बढाउन सिँचाई नभै नहुने हुँदा सिँचाई क्षेत्र विस्तार गर्ने।

**(ख) सडकः** उत्पादन क्षेत्रसम्म जोड्न सडक निर्माणद्वारा बजार सम्मको पहुँच पुऱ्याएर सम्भाव्य बालीहरुको व्यावसायिकरण गर्ने।

**(ग) यान्त्रिकरणः** यान्त्रिकरणद्वारा उत्पादन लागत कम गरी फलफूल तथा तरकारी खेतीलाई नाफामूलक एवं मर्यादित पेशाका रुपमा लिई युवाहरुको आकर्षण बढाउने।

**(घ) दीगो कृषिः** निर्वाहमुखी खेती प्रणालीलाई तुलनात्मक लाभको आधारमा व्यावसायिक कृषिमा रुपान्तरण गर्नु पर्ने आजको आवश्यकता हो। जलवायु परिवर्तन, रासायनिक मलको असन्तुलित प्रयोग, भू-क्षय तथा अन्य प्राकृतिक प्रकोप, रासायनिक विषादिको प्रयोगमा चेतनाको कमि, उन्नत प्रविधि बारे प्राविधिक ज्ञानको अभाव र असक्षमताका कारण कृषकहरुको पेशा जोखिममा रहने महसुस गरिएको छ। अतः फलफूल बगैंचाधनी नर्सरीधनी, तरकारी उत्पादक कृषकहरुलाई दीगो खेती प्रणाली मार्फत् कृषिमा आधुनिकिकरण गर्न स्थानिय श्रोत/साधनहरुको परिचालनमा जोड, रासायनिक मलको सन्तुलित प्रयोग, संरक्षण खेतीपाती, कृषकहरुको चेतना र क्षमतामा अभिवृद्धि गरेर जलवायु परिवर्तन र अन्य गतिविधिबाट कृषिमा पर्ने नकारात्मक प्रभाव न्यून गर्न दीगो खेती प्रणालीद्वारा कृषकहरुको जीविकोपार्जनमा सुधार गर्ने। व्यावसायिक कृषिमा सघन खेती, रासायनिक विषादिको प्रयोग तथा एकल बाली खेती प्रणालीबाट जमिनको उत्पादकत्व र वातावरणमा पर्ने नकारात्मक असर कम गर्न गोठेमलको प्रयोग, बाली-चक्र, सुरक्षित बिषादिको प्रयोग जस्ता कुराहरुमा ध्यान दिने।

**(ङ) पकेट क्षेत्रः** फलफूल तथा तरकारी क्षेत्रको व्यावसायीक बिकास गर्न ठाँउ सुहाउँदो बाली उत्पादनका लागी पहिचान गरिएको सम्भाव्य पकेट क्षेत्रहरु छन्। विविध हावापानी, आवश्यकता, बजारको माग, रोजगारी श्रृजना, खाद्य सुरक्षा तथा तुलनात्मक लाभका आधारमा विविध फलफूल तथा तरकारी बालीको उत्पादनका लागि बाली विशेष क्षेत्र छुट्टयाउने। एउटा बालीका पकेट क्षेत्रका लागि कम्तिमा १० हेक्टर जमीन आवश्यक पर्नेछ। पकेट क्षेत्र निर्धारण गरी व्यावसायिक रुपमा कार्यक्रमहरु संचालन गर्ने र समूहगत रुपमा बजार व्यवस्थापन, बजार सञ्जाललाई कृषकहरुको उत्पादनसँग आबद्ध गराउने।

**(च) खाद्य सुरक्षा तथा पोषण सुधारः** खाद्य सुरक्षा तथा पोषण सुधारका लागि घरबगैंचा कार्यक्रम तर्जुमा गरी प्रत्येक कृषकहरुको घरदैलोमा करेसाबारी स्थापना गरेर आफूलाई चाहिने तरकारी, फलफूल जस्ता अति आवश्यक वस्तुहरुको उत्पादन तथा उपभोग गराउने।

## १७. वडा अनुसार पहिचान भएका सम्भाव्य फलफूल तथा तरकारी बालीहरु र उत्पादन क्षेत्र

मैवाखोला गाउँपालिकाको वडा अनुसार पहिचान भएका सम्भाव्य फलफूल, तरकारी तथा मसलाबालीहरु देहाय बमोजिम छन्:-

| वडा नं. | उत्पादन क्षेत्र | सम्भाव्य फलफूल बाली | सम्भाव्य तरकारी बाली | सम्भाव्य मसला बाली |
|---|---|---|---|---|

| वडा नं. | उत्पादन क्षेत्र | सम्भाव्य फलफूल बाली | सम्भाव्य तरकारी बाली | सम्भाव्य मसला बाली |
|---|---|---|---|---|
| १. | **बरङ्‍ग्याङ्ग, तेलाबुङ्ग, ढुङ्गेसाँघु, फट्‍ङ्ग्रे, सुर्बिरे, सागफारट, मेलटार, चित्रे** | | | |
| | ८००-१३०० मिटर | कागती, कफी, अम्बा, केरा, मेवा, भूईंकटहर, एभोकाडो, मेकाडेमियानट | काँक्रा, करेला, सिमी, बोडी, गोलभेंडा, मूला, चुकन्दर, गाजर, आलु, पिँडालु, तरुल, भूईंस्याउ | अदुवा, बेसार, लसुन, प्याज, खुर्सानी, अलैंची |
| | १४००-१५०० मिटर | सुन्तला, जुनार, एभोकाडो, किवीफल | काउली, बन्दा, मूला, गाजर, आलु, रायो, भेडेखुर्सानी, भूईंस्याउ | अलैंची, अदुवा, बेसार, लसुन |
| २. | **लेकुवा, तम्बे, हात्तिखावा, ठोट्‍ने, मुडे, भुसुङने, लाली** | | | |
| | १०००-१४०० मिटर | सुन्तला, कागती, केरा, मेवा, कफी, मेकाडेमियानट, एभोकाडो | काउली, बन्दा, रायो, मूला, गाजर, चुकन्दर, गोलभेंडा, भेडेखुर्सानी, आलु, भूईंस्याउ | प्याज, लसुन, अदुवा, बेसार, अलैंची |
| | १५००-२५०० मिटर | किवीफल, नास्पाती, आरु, ओखर, आरुबखडा | रायो, मूला, गाजर, केराउ, आलु, तरकारी बीउ उत्पादन | अलैंची, लसुन |
| ३. | **साँघु, तुम्बे, गौतम डाँडा, साघुँपाटी, कोलडाँडा, बुङ्गधाक, माने डाँडा, ताल खर्क, ताङ्गसाङ्गदे** | | | |
| | ११६०-१४०० मिटर | सुन्तला, कागती, एभोकाडो, भूईंकटहर, मेकाडेमियानट | आलु, भेडेखुर्सानी, काउली, बन्दा, रायो, मूला, गाजर, चुकन्दर, गोलभेंडा, भूईंस्याउ | अलैंची, अदुवा, बेसार, लसुन |
| | १४००-२८०० मिटर | नास्पाती, आरु, आरुबखडा, ओखर, | सिमी, घ्यू सिमी, डल्ले खुर्सानी | अलैंची, लसुन |

| वडा नं. | उत्पादन क्षेत्र | सम्भाव्य फलफूल बाली | सम्भाव्य तरकारी बाली | सम्भाव्य मसला बाली |
|---|---|---|---|---|
| | | किवीफल | | |
| ४. | **ताम्राङ्ग, मालिङ्गेनी, गेम्बो, खैरेनी, खोपखर्क रिफाइले,घिमेरे गाँउ** | | | |
| | १४००-१६०० मिटर | कागती, सुन्तला, जुनार, एभोकाडो, किवीफल | बेमौसमी तरकारी खेती, आलु | अलैची, बेसार, लसुन |
| | १६००-२९०० मिटर | नास्पति, आरु, आरुबखडा, ओखर, किवीफल | सिमी, घ्यू सिमी, डल्ले खुर्सानी | अलैची, लसुन |
| ५. | **फाकुम्बा, घोरेटार, देवलढुङ्गा, नुम्लोक, फुन्द्रा, कामसाङ्ग, चिम्पाक** | | | |
| | ९००-११६० मिटर | लिची, केरा, मेवा, भूईंकटहर, कागती, मेकाडेमियानट, एभोकाडो | इस्कुस, रायो, मूला, चुकन्दर, गाजर, आलु, काउली, बन्दा, भूईस्याउ | अदुवा, बेसार, प्याज, लसुन, अलैंची, खुर्सानी |
| | १६००-२२०० मिटर | किवीफल | बेमौसमी तरकारी खेती, आलु, गाजर | अलैंची, लसुन |
| | १८००-२२०० मिटर | नास्पाती, ओखर | आलु, पिँडालु, तरुल, फूल तरुल, बेमौसमी तरकारीको रुपमा गोलभेंडा, काउली, बन्दा, सिमी, केराउ | अलैंची, लसुन |
| ६. | **साङ्गलुक्पा, तेङ्कबुङ्ग, हाङ्गफारुम, भित्ते, रानीबन, साम्तोङ** | | | |
| | ९००-१५०० मिटर | सुन्तला, जुनार, एभोकाडो | आलु, सलगम, गाजर, चुकन्दर, गोलभेडा, तरुल, पिँडालु, भूईंस्याउ | अलैंची,अदुवा, बेसार, लसुन, खुर्सानी |
| | १६००-२२०० मिटर | आरु, नास्पाति, आरुबखडा, हलुवावेद, ओखर, किवीफल | बेमौसमी तरकारी, आलु, सिमी | अलैंची, लसुन |

## १८. संचालन गर्नुपर्ने कार्यक्रमहरु

गाउँपालिकाको सीमित आर्थिक श्रोतको सहि सदुपयोग गरी उच्च प्रतिफल प्राप्त गर्नका लागि सम्बन्धित बालीको सम्भावित क्षेत्रहरूमा कृषकहरूको उपस्थिति रहेका स्थानहरूमा, बजार क्षेत्रसँग निकट, उर्वर क्षेत्रहरूलाई समेटी, क्षेत्रीय निकटताको आधारमा बृहत उत्पादन क्षेत्रको निर्धारण तथा एकीकृत विकास गर्ने अवधारण अनुरूप निम्न कार्यक्रमहरू सिफारिस गरिन्छः-

- उपलब्धिमा आधारित (Output Based) रहेर जैविक मल ५०% अनुदानमा उपलब्ध गराउने
- प्राङ्गारिक मल ५०% अनुदानमा उपलब्धिमा आधारित रहेर उपलब्ध गराउने
- भकारो सुधार, गोठेमल सुधार कार्यक्रम
- कृषि औजारहरु आवश्यकताको आधारमा उपलब्ध गराउने
- एक वार्ड एक आधुनिक नर्सरी उत्पादनमा सहयोग
- फलफूल बगैचा व्यवस्थापन तथा सुदृढिकरण कार्यक्रम
- व्यावसायिक फलफूल बगैचा स्थापनामा सहयोग
- नमूना कृषि फार्म स्थापनामा सहयोग स्थानिय तह मार्फत् गर्ने
- बेमौसमी तरकारी उत्पादनका लागि प्लाष्टिक घरमा तरकारी खेतीमा सहयोग
- कृषि प्रशोधन यन्त्र तथा उपकरण खरिदमा अनुदान
- बाली बीमामा सहयोग कार्यक्रम
- जैविक पोषकतत्व तथा जैविक कीटनाशक विषादि स्थानिय तह अनुसार उपलब्ध गराउने
- पालिकास्तरमा Digital Soil Maping and Testing कार्यक्रमको स्थापना गर्ने
- कृषकहरुको उन्नत फलफूल तथा तरकारी खेती सम्बन्धी क्षमता अभिवृद्धि तालिम संचालन
- एकीकृत मलखाद व्यवस्थापन तालिम संचालन
- एकीकृत शत्रुजीव व्यवस्थापन तालिम संचालन
- अलैची ब्राडिङ्गका लागी अनुदान
- अलैची सुकाउने सुधारिएको भट्टी निर्माणमा सहयोग

## १९. सम्भाव्यता अध्ययनको आधारमा ३ वर्षे कार्य-योजना

